नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक विभाग
(प्रशासन शाखा)

फ्याक्स ५५२९१०६
फोन ५५२९०७५
बबरमहल, काठमाडौं, नेपाल
(हालः चाकुपाट, ललितपुर)
ई-मेल : dgdor@dor.gov.np

मिति : २०७७/७/२५

पत्र संख्या : ५.१.२०/०७७/७८
चलानी नम्बर : ४८०

**विषय :** निर्वाचन आचार संहिता लागू गर्ने/गराउने सम्बन्धमा ।

श्री सडक विभाग, योजना तथा अनुगमन महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, ललितपुर ।
श्री सडक विभाग, सम्भार महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ।
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी/काठमाडौं/पोखरा/सुर्खेत ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना निर्देशनालय, काठमाडौं ।
श्री सडक विभाग, उत्तर दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, बुद्धनगर ।
श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, मित्ररोड चाकुपाट ।
श्री सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, टेकु ।
श्री गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र, पाटनढोका ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निम्न पत्रसाथ प्राप्त निम्न प्रतिलिपि यसै साथ संलग्न राखी पठाइएको छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई पत्रमा उल्लेख भए अनुरुप जानकारी एवं त्यहाँ र अन्तर्गत कार्यालयहरुमा कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

संलग्नः

१) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प.सं. ४.१.४।०७७/७८ च.नं २२२ मिति २०७७/७/२३ को पत्र साथ प्राप्त निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन निर्वाचन २०७७ प्रमुख निर्वाचन अधिकृतको कार्यालयको च.नं ७१ मिति २०७७/७/१८ को पत्रको प्रति ।

२०७७।७।२५

(तेजनाथ पोखरेल)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ
श्री सडक विभाग,
HMIS तथा ICT शाखा :- विभागको वेभसाइटमा राख्नु हुन ।

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## (आन्तरिक व्यवस्थापन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६५५

फ्याक्स नं. ४२११७२०

सिंहदरबार काठमाडौं

प.सं. ४.१.४।०७७।०७८
च.नं. २२२

मिति : २०७७।०७।२३

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
दर्ता नं. ६९४
दर्ता मिति: २०७७।७।२४

विषय : निर्वाचन आचारसंहिता लागु गर्ने/गराउने सम्बन्धमा ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
दर्ता नं.: ९८८६
मिति : २०७७।७।२८

श्री सडक विभाग, चाकुपाट, ललितपुर ।
श्री यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौं ।
श्री रेल विभाग, विशालनगर, काठमाडौं ।
श्री नेपाल पानीजहाज कार्यालय, एकान्तकुना, ललितपुर ।

निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन निर्वाचन २०७७ प्रमुख निर्वाचन अधिकृतको कार्यालय, सिंहरदरबारको प.सं ०७७/७८ च.नं. ७१ मिति २०७७।०७।१८ को पत्र र सो साथ प्राप्त निर्वाचन कार्यक्रमको प्रतिलिपी पाना - २ (दुई) यसै साथ संलग्न छ । विस्तृत व्यहोरा सोहीबाट अवगत गर्नुभई सो पत्रानुसार ट्रेड युनियन निर्वाचन सम्पन्न नभएसम्मको लागि निजामती सेवा ऐन, २०४९ को दफा ५३ (२) (क) र निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निवार्चन विनियमावली, २०६९ को विनियम १० (१) बमोजिमका मतदाता हुने कर्मचारीहरुको मिति २०७७।०७।२५ बाट सरुवा/काज सरुवा लगायत कार्य नगर्न/नगराउन र सरुवा भइसकेको भए रमाना नगर्न/नगराउन आदेशानुसार जानकारीको लागि अनुरोध छ ।

(सम्झना लामिछाने)
शाखा अधिकृत

बोधार्थ :
श्री निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन निर्वाचन २०७७
प्रमुख निर्वाचन अधिकृत कार्यालय,
सिंहदरबार ।

श्री प्रशासन शाखा

नेपाल सरकार

# निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन २०७७

## प्रमुख निर्वाचन अधिकृतको कार्यालय

सिंहदरबार, काठमाडौं

प.सं.: २०७७/०७८

च.नं.: ६९

विषय : निर्वाचन आचार संहिता लागु गर्ने/गराउने सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
श्री सर्वोच्च अदालत
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री अर्थ मन्त्रालय
श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
श्री उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
श्री खानेपानी मन्त्रालय
श्री गृह मन्त्रालय
श्री परराष्ट्र मन्त्रालय
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
श्री युवा तथा खेलकुद मन्त्रालय
श्री रक्षा मन्त्रालय
श्री वन तथा वातावरण मन्त्रालय
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री सन्चार तथा सूचना प्रविधि मन्त्रालय
श्री सहरी विकास मन्त्रालय
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
श्री महान्यायाधिवक्ताको कार्यालय
श्री महालेखा नियन्त्रकको कार्यालय

उपरोक्त सम्बन्धमा यही २०७७ मंसिर २७ गतेका दिन निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन, २०७७ सम्पन्न हुन गईरहेको व्यहोरा विदितै छ। उक्त ट्रेड यूनियन निर्वाचन सम्पन्न नभएसम्मको लागि निजामती सेवा ऐन, २०४९ को दफा ५३ (२)(क) र निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी विनियमावली, २०६९ को विनियम १०(१) बमोजिमका मतदाता हुने कर्मचारीहरुको मिति २०७७/०७/२५ गते बाट सरुवा/काज सरुवा लगायतका कार्य नगर्न/नगराउन र सरुवा भईसकेको भए रमाना नगर्न/नगराउन अनुरोध छ। साथै यस कार्यालयबाट जारी गरिएको आचारसंहिता, २०७७ www.tue.gov.np मा राखिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(कलानिधि पौड्याल)
प्रमुख निर्वाचन अधिकृत

बोधार्थ:
श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, मिनभवन।
श्री निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, सिंहदरवार।
श्री निजामती कर्मचारी संगठन, बबरमहल।
श्री निजामती कर्मचारी युनियन (संघ) बबरमहल।
श्री नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती, बबरमहल।

श्री स.स. प्रशासन महाशाखा

नेपाल सरकार

## निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन निर्वाचन, २०७७

# प्रमुख निर्वाचन अधिकृतको कार्यालय

सिंहदरबार, काठमाण्डौ

### निर्वाचन कार्यक्रम

निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन २०७७ सम्बत् २०७७ साल मंसिर २७ गते शनिवार हुन गइरहेको सन्दर्भमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी विनियमावली, २०६९ को विनियम १८ को उपविनियम (१) र ऐ. विनियमावलीको विनियम १९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

१. मतदाता नामावली प्रकाशन :- मिति २०७७/०८/१० गते (प्रमुख निर्वाचन अधिकृतको कार्यालय र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा)।
२. मतदाता नामावली उपर दावी विरोध :- मिति २०७७/०८/११ देखि ऐ. १२ गते सम्म (सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा)।
३. अन्तिम मतदाता नामावली प्रकाशन :- मिति २०७७/०८/१३ गते (सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा)।
४. उम्मेदवारी दर्ता :- मिति २०७७/०८/१४ गते विहान १०:०० वजे देखि अपरान्ह ५:०० वजे सम्म (प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा)।
५. उम्मेदवारले नाम फिर्ता लिने :- मिति २०७७/०८/१५ गते विहान १०:०० वजे देखि अपरान्ह १२:०० वजे सम्म (प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा)।
६. उम्मेदवारको नाममा दावी विरोध गर्ने :- २०७७/०८/१५ गते अपरान्ह १:०० वजे देखि अपरान्ह ५:०० वजे सम्म (प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा)।
७. उम्मेदवारको अन्तिम नामावली प्रकाशन :- २०७७/०८/१६ गते अपरान्ह १:०० वजे (प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा)।
८. मतदान समय :- २०७७/०८/२७ गते शनिवार विहान ९:०० बजे देखि ५:०० बजे सम्म।
९. मतगणना र नतिजा प्रकाशन :- मतपेटीका संकलन भएपछि यथासिघ्र मतगणना प्रारम्भ गरी नतिजा प्रकाशन गर्ने ।

नोटः

१. निर्वाचन कार्यक्रम परेका दिनहरुमा सार्वजनिक विदा परेमा उक्त दिन निर्वाचन कार्यालयहरु खुल्ला रहने व्यहोरा अनुरोध छ ।

२०७७।७।२५

कलानिधि पौड्याल
प्रमुख निर्वाचन अधिकृत